# आर्थिक वर्ष २०८१/८२ को निती कार्यक्रम तथा  बजेट वक्तव्य

सिदिङ्वा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
साब्लाखु, ताप्लेजुङ
कोशी प्रदेश, नेपाल

२०८१ साल असार १० गते सोमबार उपाध्यक्ष श्री कृष्ण कुमारी कडरीया ज्यूले गाउँसभामा प्रस्तुत गर्नुभएको

# आर्थिक वर्ष २०८१/८२ को निति कार्यक्रम तथा बजेट वक्तव्य

## सिदिङ्वा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

साब्लाखु, ताप्लेजुङ
कोशी प्रदेश, नेपाल

**Contact No:- 9807928555 (Chairperson), 9852681171 (Vice Chairperson) 9852660153 (Chief Administrative Officer)**

**E-mail:-sidingbarmtpj@gmail.com**

**Facebook:- http://www.facebook.com/sidingba.rural.municipality**

**Website:- http://www.sidingbamun.gov.np**

**आर्थिक वर्ष २०८१/८२ को नीति कार्यक्रम तथा वजेट वक्तव्य**

**यस सिदिङ्वा गाउँपालिकाको गाउँसभाको चौधौँ अधिवेशनको सभाध्यक्ष ज्यू, वडा अध्यक्ष ज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत ज्यू, गाउँसभा सदस्य ज्यूहरु, पत्रकार तथा सुरक्षाकर्मी ज्यूहरु**

**सिदिङ्वा गाउँपालिकाको गाउँसभाको चौधौँ अधिवेशनमा हार्दिक स्वागत गर्दछु ।**

**सर्वप्रथम त वि.सं. २०७९ साल वैशाख ३० मा सम्पन्न स्थानीय तहको निर्वाचनबाट हामीलाई विश्वास गरी अमूल्य मतदान मार्फत निर्वाचित गर्नुहुने सिदिङगवा गाउँपालिकाबासी आदरणीय आमाबुबा, दाजुभाई तथा दिदी बहिनी लगायत सम्पूर्णमा हार्दिक आभार प्रकट गर्दछु । यस अवसरमा सशस्त्र जनआन्दोलनमा होमिई संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली स्थापना गराउन आफ्नो जीवन अर्पण गर्नुहुने ज्ञात अज्ञात सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।**

- नेपालको संविधान बमोजिम सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था अनुसार संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको सरकारको संरचना रहेको छ । सोही संरचना अनुसार स्थानीय सरकार अन्तर्गत रहेको यस सिदिङ्वा गाउँपालिकाको आगामी दिनको सुनौलो भाग्य र भविष्यको मार्गचित्र कोर्नको लागी आ.व. २०८१।०८२ को नीति तथा कार्यक्रम यस गरिमामय गाउँसभामा प्रस्तुत गर्न पाउँदा अत्यन्तै गौरवान्वित महशुस गरेकी छु । यो वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा गाउँपालिकालाई विभिन्न सुझाब प्रदान गर्नुहुने सम्पूर्ण सिदिङवा गाउँपालिकाबासी आमाबुवा, दाजुभाई, दिदीबहिनी विभिन्न राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिहरु, समाजसेवी, बुद्धिजिवी साथै विभिन्न चुनौतीका बाबजुद आफ्नो व्यक्तिगत स्वार्थ र जीवन भन्दा माथि उठेर राष्ट्रिय स्वार्थ र आवश्यकताको लागि अहोरात्र खटिनुभई अतुलनीय योगदान पुर्याउनुभएका तमाम जनप्रतिनिधि र राष्ट्रसेवक कर्मचारीहरुमा हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु ।
- निरन्तर वर्षाकाको कारण उत्पन्न प्राकृतिक विपद वाढी तथा पहिरोमा परी विस्थापित हुनुभएका सिदिङवा गाउँबासी परिवारजनप्रति गहिरो सहानुभूति व्यक्त गर्दछु । उक्त प्रकोपका कारण भएको विभिन्न आपतकालिन स्थिति सहयोग पुर्याउनुहुने विभिन्न संघ सस्था, जनमानस, प्रतिनिधि तथा कर्मचारीहरु प्रति हार्दिक आभार ब्यक्त गर्दछु ।
- समृद्ध, एंव समुन्नत सिदिङवा हाम्रो संकल्प हो । समस्त सिदिङवाबासीको सर्वाङगीण विकासमार्फत समृद्ध सिदिङवा सुखी सिदिङवाबासी हामीले परिकल्पना गरेको उद्देश्य हो । तसर्थ मैले पनि आज सिदिङ्वा गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम र बजेट बक्तब्य पेश गर्दा सोही उद्देश्यलाई सहयोग पुग्ने गरी पेश गरेको छु । यस क्षेत्रको सर्वाङ्गीण तथा सन्तुलित विकास गर्दै गाउँबासीहरुको समग्र आर्थिक सामाजिक स्तरमा अभुतपुर्ण रुपमा सकारात्मक परिवर्तन ल्याउन गाउँपालिका परिवार लागेको छ । यस गाउँपालिकालाई बालमैत्री, महिलामैत्री, अपागंमैत्री, ज्येष्ठ नागरिकमैत्री तथा वातावरणमैत्री गाउँपालिकाको रुपमा विकास गर्दै, सुशासन, पारदर्शिता कायम गर्दै, छिटो छरितो र प्रभावकारी सेवा प्रवाह गर्दै नेपालकै नमुना गाउँपालिकाको रुपमा विकास गर्न हामी दत्तचित्तका साथ लागि परेका छौं । यस कार्यमा सहयोग प्रदान गर्न सम्पुर्ण जनप्रतिनिधि, बुद्धिजिवि, समाजसेवी, गाउँबासी तथा सरोकारवालाहरुको रचनात्मक सहयोगको अपिल गर्दछु ।

- यस सिदिङ्वा गाउँपालिकाको नीति, कार्यक्रम तथा बजेट प्राथमिकिकरण तथा तर्जुमा गर्दा नेपालको संविधानको अनुसुची ८ र ९, नेपाल सरकारको नीति तथा कार्यक्रम, कोशी प्रदेश सरकारको नीति तथा कार्यक्रम, नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त वित्तीय समानिकरण, समपुरक, विशेष तथा सशर्त अनुदान, नेपाल सरकारले अन्तरराष्ट्रिय स्तरमा गरेका प्रतिवद्धताहरु, दीगो विकास लक्ष्य, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका विभिन्न आदेश, निर्देशन तथा परिपत्रहरु, स्थानीय तहको अधिकार तथा कार्य विस्तृतिकरण, स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७८ (परिमार्जित), स्थानीय सरकार संचालन ऐन, २०७४, अन्य प्रचलित विद्यमान ऐन कानूनहरु, बिभिन्न विषयगत मन्त्रालयहरु, कार्यालयहरु, संघ संस्थाहरु बाट प्राप्त मार्ग निर्देशन, सुझाव तथा अपेक्षा, बिभिन्न बिज्ञ, समितिहरुका राय, सल्लाह तथा सुझावहरु तथा आम नागरिकहरुको सुझाव, आम सिदिङ्वाबासीको अपेक्षा समेतलाई हृदयङ्गम गरी यस सम्मानित सभामा प्रस्तुत गरेको छु ।

**सम्मानित सभाध्यक्ष महोदय,**
अब म यस गरिमामय सभामा यस आर्थिक वर्षको नीति तथा कार्यक्रम पेस गर्ने अनुमति चाहन्छु ।

## क्षेत्रगत नीति तथा कार्यक्रमः

### आर्थिक विकास क्षेत्र

#### कृषि तथा पशु विकासतर्फ:

- यस गाउँपालिकाको प्रेत्यक वडामा बाली उपचार तथा पशु स्वास्थ्य सम्बन्धि घुम्ति शिविर कार्यक्रम सञ्चालन गरिनेछ ।
- गाउँपालिका क्षेत्रभित्र कृषि तथा पशु क्षेत्रबाट प्रवाह गरिने सेवालाई थप चुस्त दुरुस्त एंव प्रभावकारी बनाउन कृषि तथा पशु प्राविधिकहरुलाई आम नागरिकको घर आँगनमा नै सेवा प्रवाह पुर्याउन मोवाइल सेवा (Mobile Service) परिचालन गरिनेछ ।
- विभिन्न निकायबाट कृषिसँग सम्बन्धित विविध सेवाहरु सहजै प्राप्त गर्न यस गाउँपालिकाभित्र रहेका सम्पूर्ण कृषकहरुलाई किसान सूचीकरण कार्यक्रम अन्तर्गत सूचीकृत गरी किसान परिचयपत्र वितरण गरिने छ ।
- दूध, मासु, छुर्पी आदीको उत्पादन र उत्पादकत्व वृद्धि गरी यस क्षेत्रलाई व्यावसायिकरुपमा अघि बढाउन पशु नश्लसुधार (कृत्रिम गर्भाधान) कार्यक्रम लगायत कृषक प्रोत्साहन सम्बन्धि विविध कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- पशुपन्छीमा देखापर्ने विभिन्न रोग तथा स्वास्थ्य समस्याहरुको व्यवस्थापन गर्न खोप अभियान कार्यक्रमलाई प्रभावकारीरुपमा सञ्चालन गरिनेछ ।

- सिदिङवाबासी कृषकहरुको आवश्यकता एवं माग बमोजिमको विरुवा उत्पादन तथा वितरण गर्नको लागि गाउँपालिकाद्वारा निर्माण गरिएको नर्सरीलाई थप व्यवस्थित गरिनेछ र यसबाट प्रवाह हुने सेवा तथा नर्सरी निर्माण सम्बन्धी व्यवस्थालाई वडागतरुपमा विस्तार गरिनेछ ।
- माटोको गुणस्तर परीक्षण, बालीविरुवामा क्षति गर्ने रोग किराको परिक्षण साथै पशुपन्छीमा हुने विभिन्न रोगहरुको परीक्षण तथा त्यसको नियन्त्रण गर्नको लागी गत आ.व.मा स्थापना भएको मिनि ल्याव र पशु स्वास्थ्य प्राथमिक ल्यावको उचित व्यवस्थापन गरिनेछ ।
- यस गाउँपालिकालाई कृषि उत्पादनमा आत्मनिर्भर बनाई आयात प्रतिस्थापन गरी निर्यात प्रवर्द्धन गर्नको लागी मागमा आधारित कृषि सम्बन्धी कार्यक्रमहरु सम्पूर्ण कृषकको घरदैलासम्म पुग्नेगरी सञ्चालन गरिनेछ ।
- पशु शाखाबाट प्रवाह हुने सेवालाई थप व्यवस्थित एंव प्रभावकारी बनाउनका लागि वडा नं ६ र वडा नं २ मा पशु सेवा इकाई व्यवस्थापन गरी सेवा प्रदान गरिने छ ।
- गाउँपालिकाका क्षेत्रभित्र पाईने विविध पशुपन्छीको उचित संरक्षण एंव विकासमा आवश्यक पहल गरिनेछ विशेषगरी चौंरी तथा भेंडा संरक्षणको लागि लागत साझेदारीमा कार्यक्रम संचालन गरिने छ ।
- यस गाउँपालिका क्षेत्रभित्र  पशुधन तथा कृषिको क्षेत्रमा संलग्न कृषकहरुको आयस्तरमा वृद्धि हुने तथा उत्कृष्ट कृषक सम्मान जस्ता प्रोत्साहनमूलक कार्यहरुहरु गरिनेछ ।

**पर्यटनतर्फ**

- स्थानीय पर्यटनका सम्भावनाहरुलाई यथासम्भव खोज अनुसन्धान, संरक्षण तथा प्रवर्द्धन गर्न गाउँपालिका भित्रका पर्यटकीय क्षेत्रहरुको पहिचान गर्दै विकास गर्न एकिकृत पर्यटकीय गुरुयोजना (Integrated Tourism Master Plan) तयार गरिनेछ । कार्यपालिकाले पहिचान गरेको सबै पर्यटकीय क्षेत्रहरुको वृहत्तर विकास गरी आर्थिक उपार्जनको स्रोतको रुपमा प्रवर्द्धन गरिनेछ ।
- आन्तरिक पर्यटनको प्रवर्द्धनको प्रबल संभावना रहेको सुरुमखिमको चमेरे गुफा र लिम्बुदिन स्थित ढङढङगे झर्नासम्म पुग्ने सडक तथा अन्य आवश्यक पूर्वाधारको विकास गरिनेछ ।
- पर्यटनका सम्भावनाहरुलाई यथासम्भव खोज, अनुसन्धान, संरक्षण तथा सम्बर्द्धन गर्न यस गाउँपालिका अन्तर्गतका सिदिङवाधाम, तिम्बुङपोखरी, ढङ्ढङे झरना, चमेरे गुफा, माङहिम, तोपाहाङ मार्ग जस्ता आन्तरिक/बाह्य पर्यटकीय केन्द्रको पहिचान गर्दै सिदिङ्वा गाउँपालिकालाई पर्यटनको हबको रुपमा विकास गर्नको लागि पहल गरिने छ
- आन्तरिक पर्यटन प्रवर्द्धनका लागि आवश्यक कार्यक्रमहरु तय गरी कार्यान्वयनमा लगिने छ ।

## सामाजिक बिकास क्षेत्र

**शिक्षातर्फः-**

- यस गाउँपालिका अन्तर्गतका बिभिन्न बिद्यालयको कक्षा कोठा, शौचालय, खेलमैदान, सपोर्टवाल लगायत अन्य भौतिक पूर्वाधारहरुको संरचनागत सुधार गर्दै शैक्षिक गुणस्तर अभिबृद्धिमा जोड दिइनेछ।
- बिद्यालयमा कार्यरत बाल शिक्षकहरुको क्षमता अभिबृद्वि गर्दै बालबालिकाहरुको शिक्षण सिकाई कृयाकलाप तथा बानी ब्यहोरामा बिकास गरिनेछ। अनुमति पाएर पनि दरबन्दी नभई संकटमा परेका गत आ.ब. देखि नै शुरु गरिएको विद्यालयहरुमा प्ररम्भिक नि.मा.बि. र प्रा.बि. तहको तलब बराबरको रकम अनुदान दिइ शैक्षिक जनशक्ति ब्यबस्थापन गरिनेछ, जस्ले गर्दा स्थानीय अभिभावकले बर्षौं देखी गर्दै आएको लगानीको कदर हुने बिश्वास लिइएको छ।
- शिक्षा क्षेत्रलाई राजनीतिक प्रभावबाटमुक्त राखि गुणस्तरीय शिक्षा प्रवर्द्धनमा विशेष जोड दिईनेछ।
- यस गाउँपालिका अन्तर्गतका विद्यालयहरुमा जडान गरिएको ई-हाजिरको प्रयोग नियमित भए नभएको अनुगमन गरी सो को प्रयोगलाई अनिवार्य गरिनेछ।
- सशर्त अनुदानको रुपमा प्राप्त भएको माध्यमिक तथा आधारभूत तहमा अंग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान शिर्षकमा प्राप्त बजेटलाई आबश्यकताको पहिचान गरी वितरण गरिनेछ।
- शिक्षा क्षेत्रमा बिनियोजन गरेको सशर्त बजेटलाई कन्टिन्जेन्सी कट्टी नगरी सम्पुर्ण आर्थिक दायित्व तथा जिम्मेवारी संबन्धित विद्यालयमा नै रहने गरी विद्यालयको खातामा सोझै अनुदान उपलब्ध गराइनेछ।
- विद्यालयमा बालबालिकाको उपस्थिति टिकाईराख्न बालबालिकामैत्री क्रियाकलापलाई बढावा दिईनेछ, विद्यालयहरुमा खेलकुद सामग्री वितरण गरिने तथा आधारभूत तहका विद्यालयहरुको विद्यार्थीहरुका लागि स्वीटर खरिद गरी वितरण गरिनेछ।

**स्वास्थ्यतर्फ:-**

- स्वास्थ्य चौकीहरुको भौतिक पूर्वाधारमा स्तरोन्नती गरिनेछ । साब्लाखु स्वास्थ्य चौकीलाई प्राथमिक स्वास्थ्य केन्द्रमा स्तरोन्नती गर्न सम्बन्धित निकाय सँग आवश्यक पहल गरिनेछ।
- स्वास्थ्य चौकी सुरुमखिममा वर्थिङ सेन्टर स्थापनाका लागि आवश्यक व्यवस्थापन गरिने छ।
- विभिन्न नसर्ने रोगहरुको बारेमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्न सिदिङ्वा गाउँपालिका भरीका स्वास्थ्य चौकीहरुलाई परिचालन गरिने छ।
- सिदिङ्वा गाउँपालिका अन्तर्गत रहेको गाउँघर क्लिनिक तथा खोप क्लिनिकलाई थप व्यवस्थित एंव प्रभावकारी बनाउन उचित व्यवस्था गरिने छ।
- महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई प्रोत्साहनस्वरुप मासिक बैठकमा नियमबमोजिम खाजा खर्च उपलब्ध गराईने तथा विभिन्न कार्यक्रमहरुको आयोजना मार्फत वडा, वस्ति, टोलस्तरमा उनीहरुको सिप, दक्षता, अनुभवको उच्चतम प्रयोग गर्दै खोप केन्द्रहरुलाई व्यवस्थित ढंगले संचालन गरिनेछ।

- स्वास्थ्य क्षेत्रमा गाउँबस्ती टोलसम्म पुगी सेवाभावले सेवा प्रदान गर्दै आउनुभएको ६० बर्ष भन्दा माथिका महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई सम्मान जनक विदाई गरिनेछ ।
- नेपाल सरकारले नि:शुल्क रुपमा प्रदान गर्दै आएको ९८ प्रकारका औषधिहरुलाई सिदिङवाबासी सबै नागरिकको घरदैलासम्म सहज एंव सरलढंगले बाह्रै महिना नि:शुल्क रुपमा उपलब्ध हुने व्यवस्था गरिनेछ ।
- गाउँपालिका भरिका सम्पूर्ण नागरिकलाई स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि गर्न बर्षमा एक पटक गाउँपालिकास्तरीय स्वास्थ्य शिविर संचालनमा ल्याईनेछ ।
- गाउँपालिकाका कोहि पनि नागरिकहरुले अकालमा ज्यान गुमाउने अवस्था हुन नदिन संचालन गरिएको एम्बुलेन्स सेवालाइ थप व्यवस्थित गरिनेछ ।
- सिदिङ्वा गाउँपालिकाभित्र रहेका गर्भवती महिला तथा सुत्केरी महिलालाई गाउँपालिकावाट पोषण विशेष कार्यक्रम सञ्चालनमा ल्याइने छ ।
- सिदिङवा गाउँपालिकाभित्रको गर्भवती महिलाहरुलाई सुत्केरी गराउन गाउँपालिकाभित्रको वर्थिङ सेन्टरसम्म आउनजानका लागि गाउँपालिकाको एम्बुलेन्स प्रयोग गर्दा लाग्ने भाडादरमा पचास प्रतिशत छुट दिइनेछ ।

**खानेपानी तथा सरसफाईतर्फ**

- स्वच्छ खानेपानी तथा सरसफाईमाथि सिदिङ्वाबासीको पहुँच अभिवृद्धि गर्न निर्माणाधीन खानेपानी सम्बन्धी आयोजनाहरु समयमा नै सम्पन्न गर्ने कार्यलाई विशेष प्राथमिकतामा राखिनेछ साथै खानेपानीको दिगो स्रोत पहिचान गरी खानेपानी आयोजना सञ्चालन गरिनेछ ।
- गाउँपालिकाको केन्द्र भञ्ज्याङबजारलाई ब्यबस्थित बनाउँदै सफा, सुन्दर बजारको रुपमा बिकास गर्न आबश्यक नीति कानूनको तर्जुमा गर्दै लगिनेछ । डम्पिङ साइटको पहिचान गरी  प्रत्येक घरधुरीलाई फोहोरमैला बिसर्जनको लागि डस्टबिन वितरण गरी प्रत्येक १५।१५ दिनमा फोहोर उठाउने ब्यबस्था गरिनेछ ।
- खानेपानीको मुहान संरक्षण सम्बन्धमा नागरिक सचेतना अभिवृद्धिका कार्यक्रमहरु सञ्चालन गरिनेछ स्वच्छ खानेपानीमाथिको पहुँचमा दिगोपना कायम गर्न पानीको मुहान संरक्षणका लागि घेराबारा तथा वृक्षरोपण लगायतका कार्यहरु अघि बढाईनेछ ।

**संस्कृति प्रवर्द्धनतर्फ**

- सिदिङवा गाउँपालिकाभित्र रहेका सांस्कृतिक, पुरातात्विक, ऐतिहासिक महत्वका सम्पदा एंव मौलिक, संस्कृति, भाषा, धर्म, पेशा, व्यवसायको दिगो संरक्षण एवं विकासलाई जोड दिइनेछ । गाउँपालिकाभित्र रहेका पुरातात्विक महत्वका बस्ती, संरचना, मठ मन्दिर, गुम्बा, माङहिम, चर्च, स्तम्भ, ताम्रपत्र, शिलालेख जस्ता ऐतिहासिक धरोहरको पहिचान गरी संरक्षण गरिनेछ ।

- सिदिङ्वा गाउँपालिकाभित्र रहेको बिभिन्न आदिवासी/जनजातीहरुको भाषा लिपी, संस्कृतिहरुलाई संरक्षण र संवर्द्धन गर्न विभिन्न विद्यालयहरुमा भाषा प्रशिक्षकको व्यवस्था गरी प्रशिक्षण हुदै आएकोमा सो व्यवस्थालाई निरन्तरता दिई थप प्रभावकारी बनाईनेछ साथै कुनै पनि जाति विशेषको पर्व तथा कुनै पनि मेला महोत्सवमा सबै जातजातिको कला संस्कृति झल्कने झाँकी तथा नृत्य लगायतका साँस्कृतिक पक्षहरुलाई सहभागी हुन प्रोत्सहान गरिनेछ । धार्मिक, सामाजिक एंव साँस्कृतिक विविधताबीच सहिष्णुता र सद्भावका कायम राख्दै गाउँपालिकाबासीबीच एकता कायम गर्ने कार्यलाई सधैँ प्राथमिकतामा राखिनेछ ।
- सिदिङवा गाउँपालिकाभित्र रहेका सांस्कृतिक, पुरातात्विक, ऐतिहासिक महत्वका सम्पदा एंव मौलिक कला संस्कृति पेशा, व्यवसायको दिगो संरक्षण, संवर्द्धन तथा प्रवर्द्धन गर्न तय गरिनेछ ।

**लैंगिक समानता तथा सामाजिक समावेशीकरणतर्फः-**

- लैंगिकताको आधारमा कसैलाई भेदभाव गरिने छैन साथै यस गाउँपालिकाले लिने हरेक नीतिहरुमा लैँगिक समानतालाई प्रवर्द्धन गरिनेछ ।
- यस गाउँपालिकाबाट प्रवाह हुने हरेक सेवा सुविधामा महिला, बालबालिका, फरक क्षमता भएका, ज्येष्ठ नागरिकहरुलाई विशेष प्राथमिकता दिइनेछ ।
- महिला, दलित, अपाङ्ग, बालबालिका, अल्पसंख्यकहरुको क्षमता विकास, सशक्तिकरणको लागि पहल गरिनेछ ।
- सामाजिक सूरक्षा भत्ता लिने सम्पुर्ण लाभग्राहीहरुलाई परिचय पत्र वितरण गरी सेवा सुविधाको अवसर वृद्धि गरिनेछ ।
- ज्येष्ठ नागरिक, अपांगहरुको परिचय पत्र वितरण गर्न आबश्यक कानूनी ब्यबस्था गर्दै वडा स्तरमा गई परिचय पत्र वितरण गरिनेछ । यस कार्यबाट ज्येष्ठ नागरिकहरुले स्थानीय सरकारको उपस्थितिको आभाष महसुस गर्दै संबन्धित लाभग्राहीले सरकारि सेवाबाट प्राप्त गर्ने सेवा सुविधामा छुट प्राप्त गर्न सक्ने अपेक्षा गरिएको छ ।
- सिदिङवा गाउँपालिकाले लैंगिक समानता तथा सामाजिक समावेशी मूलप्रवाहीकरण-२०८१ लागू गरिनेछ । महिला, दलित, एकल महिला लगायत आर्थिक र सामाजिक रुपमा पिछडीएका नागरिकहरुको आर्थिक तथा सामाजिक जीवनमा उल्लेखनीय सुधार गरिनेछ ।
- सिदिङवा गाउँपालिकामा अपाङ्गता रोकथाम तथा पुन:स्थापना कार्यक्रम करुणा फाउण्डेशन नेपाल, प्रदेश सरकार र गाउँपालिकाको साझेदारीमा संचालन गरिने छ ।
- जन्म तथा जन्म पश्चात हुने अपाङगता न्यूनीकरणका लागि स्वास्थ्य संस्था मार्फत नि:शुल्क Folic Acid चक्की वितरण, जन्मकोष पहिचान तथा उपचार गरिने छ । अपाङगता भएकाका लागि पालिकास्तरीय संस्था गठन गर्ने साथै वडा स्तरीय मिलिजुली समूह गठन गरी वचत तथा ऋण कार्यक्रम संचालन गरिने छ । साथै अपाङगता भएका व्यक्तिहरुको शिक्षा, स्वास्थ्य जिविकोपार्जन तथा आय आर्जन समावेशी र सशक्तिकरण सम्बन्धी विशेष कार्यक्रम संचालन गरिने छ ।

- आर्थिक, सामजिक लगायत विविध क्षेत्रमा पिछडिएका अल्पसंख्यक, लोपोन्मुख, विपन्न नागरिकलाई सुरक्षित आवासको व्यवस्था गरिनेछ ।
- यस गाउँपालिकाभित्र रहेका अति गरिब र एकल महिलाहरुलाई सिपमूलक तालिमको व्यवस्था गरी स्व:आय आर्जन गर्नसक्ने बनाई उनीहरुको जीवनस्तरमा सुधार ल्याउन आवश्यक व्यवस्था मिलाईनेछ ।
- आजको बालबालिका भोलिका मुलुक निर्माणकर्ता हुन् भन्ने कुरालाई आत्मसात् गर्दै यस गाउँपालिकाभित्र रहेका बालक्लबहरुको क्षमता अभिवृद्धि गर्न आवश्यक सशक्तिकरणको कार्यक्रम तय गरिनेछ ।
- लैंगिक समानता कायम गरी समतामूलक समाजको निर्माण गर्न लैंगिक हिंसा विरुद्धको अभियान सम्बन्धी कार्यक्रम, अपाङगता दिवस, बाल दिवस, अन्तर्राष्ट्रिय महिला दिवस, ज्येष्ठ नागरिक सम्मान कार्यक्रम जस्ता कार्यक्रमहरुको आयोजना गरी विभिन्न सचेतनामूलक विषयहरुबारे अन्तर्क्रिया तथा छलफल जस्ता क्रियाकलापहरुलाई समावेश गरी सम्बन्धित पक्षको सशक्तिकरण तथा क्षमता अभिवृद्धिमा जोड दिईनेछ ।

## पूर्वाधार विकास क्षेत्र

### सडक तथा पुलतर्फ-

- गाउँपालिका केन्द्रबाट प्रत्येक गाउँ बस्ती र वडा केन्द्रलाई सुरक्षित र भरपर्दो सडक संजालमा जोडिने कार्यलाई निरन्तरता दिई थप प्रभावकारी बनाईनेछ ।
- गाउँपालिका भित्र आवश्यक क्षेत्रमा झोलुङ्गे पुल र पक्की पुल निर्माणको कार्यालाई निरन्तरता दिई थप व्यवस्थित गरिनेछ साथै आवश्यकतानुसार सम्बन्धित निकायसमक्ष थप पहल गरिनेछ ।
- यस गाउँपालिका क्षेत्रभित्र रहेका पर्यटकीय गन्तव्यहरुमा पर्यटकहरुको आवागमनमा सहज पहुँचको व्यवस्था गर्न सडक संजालको व्यवस्था गरिनेछ ।
- गाउँपालिकाले निर्माण गरेको सडकको गुणस्तर कायम गर्न नयाँ निर्माण गरिने सडकहरु कम्तिमा पाँच मिटरको चौडाइको हुनु पर्ने, जस मध्ये १ मिटरको भागमा नाली अनिवार्य रुपमा खन्नु पर्ने नीति अवलम्बन गरिनेछ ।
- बाटो, पुल, भवन जस्ता भौतिक पूर्वाधार निर्माणका योजनाहरु गाउँपालिकासँग सम्झौता नगरी संचालन भएको हकमा भुक्तानी गरिने छैन ।

### सिंचाईतर्फ

- यस गाउँपालिका क्षेत्रभित्र रहेका सुक्खा ग्रस्त क्षेत्र पहिचान गरी लिफ्ट प्रविधिको माध्यमबाट सिंचाईको सुविधा पुर्याउन सम्भाव्यता अध्ययन गरिनेछ ।
- बाहै महिना निरन्तर सिचाइ सुविधा उपलब्ध गराउन मूल संरक्षण कार्यक्रम तथा थोपा सिचाइ, प्लाष्टिक पोखरी निर्माण र सिचाइ कुलो मर्मत कार्यलाइ प्रभावकारी रुपमा अगाडी बढाइनेछ ।

### भवन तथा शहरी विकासतर्फ

- यस गाउँपालिका भित्र अब निर्माण हुने सम्पूर्ण घर तथा भवन निर्माण गर्दा भवन आचारसंहिता अनुरुपमात्र निर्माण गर्नुपर्नेछ ।
- यस गाउँपालिकाभित्र निर्माण हुने सम्पूर्ण घर तथा भवनहरु भूकम्प प्रतिरोधि बनाउन आवश्यक सहजीकरण एंव समन्वय गरिनेछ ।

### संचारतर्फ

- गाउँपालिकालाई संचार क्षेत्रसँग जोड्न तथा आम सिदिङ्वाबासीले सूचना संचारको भरपुर उपयोग गर्न आबश्यक पहल गरिनेछ जसका लागि विद्युत क्षेत्रलाई थप प्रभावकारी बनाईनेछ ।
- स्वास्थ्य चौकी, विद्यालय, वडा कार्यालय, गाउँपालिकाको कार्यालयमा सूचना, प्रविधिको पहुँच अभिबृद्धि गरिनेछ ।

## वातावरण व्यवस्थापन क्षेत्र

### वन तथा भू-संरक्षणतर्फ

- गाउँपालिका क्षेत्रभित्र निर्मित सडकको संरक्षण गर्न सडक किनारामा भूक्षय प्रतिरोधी विरुवाहरु रोपी त्यसको संरक्षण र उपयोग गर्न सम्बन्धित समुदायलाई परिचालन गरिनेछ र हरेक विकास कार्यलाई वातावरणमैत्री बनाउन पहल गरिनेछ ।
- पहिरो तथा भूक्षयग्रस्त क्षेत्रहरुमा वृक्षरोपण गरिने र त्यसको संरक्षण, संवर्द्धन, प्रवर्द्धन र उपयोग कार्यमा सम्बन्धित क्षेत्रको गरिब तथा भूमिहिन किसानहरुलाई जिम्मा दिइनेछ ।
- प्राकृतिक छटाले भरिपूर्ण यस गाउँपालिको वन क्षेत्रभित्र रहेका बहुमुल्य तथा लोपोन्मुख जडिबुटी, वनस्पति तथा वन्यजन्तुहरुको संरक्षण र संबर्द्धन गरी अबैध चोरी निकासी निरुत्साहित गर्न स्थानीय नागरिक परिचालन गर्ने तथा सुरक्षा सम्बन्धमा आवश्यक व्यवस्था मिलाईनेछ ।
- विकास निर्माणका कार्यहरु गर्दा भू-संरक्षण तथा वनजंगल संरक्षणको पक्षलाई विशेष ध्यानमा राखि निर्माण कार्य अगाडी बढाईनेछ, निर्माण कार्यसँगै वृक्षरोपण कार्यलाई प्राथमिकतामा राखिनेछ ।
- यस गाउँपालिका क्षेत्रमा पाईने विश्वबाट नै लोप हुन लागेको रेड पान्डाको दिगो संरक्षण तथा संवर्द्धन गर्ने उद्देश्यले हिमाली संरक्षण मञ्च ताप्लेजुङ र सिदिङवा गाउँपालिको संयुक्त पहलमा चोरी सिकारी, अनुगमन र सचेतना कार्यक्रम सञ्चालन गरिने छ ।

**जलवायु परिवर्तनतर्फ**

- गाउँपालिकाबासीमा जलवायु परिवर्तनको असर र प्रभाव सम्बन्धमा सचेतना अभिवृद्धि गर्न आवश्यक गोष्ठी, तालिम आदिको व्यवस्था गरी यसको नकारात्मक प्रभावबाट हुने क्षति न्यूनीकरण गर्न आवश्यक पहल गरिनेछ।
- जलवायु परिवर्तनलाई सहयोग पुग्ने किसिमको मानवीय क्रियाकलापलाई नियन्त्रण गरी वातावरणमैत्री क्रियाकलापलारुई बढावा दिन आवश्यक कार्यक्रम तय गरी जैविक विविधता संरक्षणमा र वातावरण संरक्षण लाइ प्राथमिकता दिइनेछ।
- विकास निर्माणको कार्य गर्दा IEE तथा EIA लाई अनिवार्य गरी यसको प्रयोगलाई थप प्रभावकारी बनाउन आवश्यक पहल गरी वातावरणमैत्री दिगो विकासलाई आत्मसात गरिनेछ।
- जलवायु परिवर्तनको असर र प्रभावलाई मूल्यांकंन गरी जलवायु परिवर्तन अनुकुलित पेशा, व्यवसाय अपनाउने सम्बन्धमा आम गाउँपालिकाबासीलाई सुसूचित गराउन आवश्यक पहल गर्दै कार्बन सञ्चिति तथा वातावरणीय स्वच्छताका लागि वृक्षरोपण गर्ने कार्यलाई प्राथमिकता दिईनेछ।

**फोहोरमैला व्यवस्थापनतर्फ**

- गाउँपालिका क्षेत्रको फोहोरमैला तथा बजार व्यवस्थापन गरी प्रभावकारी रुपमा गाउँपालिकालाई स्वच्छ, हराभरा, सुन्दर राख्न फोहोरमैला व्यवस्थापनको लागि पहल गरिनेछ।
- फोहोर मैलाको कारणले मानव स्वास्थ्य र पर्यावरणमा पर्न जाने असरलाइ घटाउन समय समयमा गाउपालिकाको तर्फबाट फोहोरमैला व्यवस्थापनका विषयमा चेतनामुलक कार्यक्रम संचालन गरिनेछ
- गाउँपालिकाभित्र उत्सर्जन हुने फोहोरमैलाको उचित व्यवस्थापन गर्न डम्पिङ साईटको व्यवस्था गर्न आवश्यक प्रबन्ध मिलाई फोहोरमैलाको दिगो व्यवस्थापन गरिनेछ।

**विपद व्यवस्थापनतर्फ**

- विभिन्न महामारीको प्रकोप ब्यबस्थापनको लागी यस गाउँपालिकाका नागरिकहरुलाई बचाउन आबश्यक औषधि, उपकरण, सामाग्रीहरुको उचित ब्यबस्थापन गरिनेछ।
- यस गाउँपालिकाका नागरिकहरुलाई बाढी, पहिरो जस्ता प्राकृतिक विपद्बाट सिर्जित परिस्थितिको ब्यवस्थापनको लागी तार जाली लगायतका विपद सामग्री खरिद गरी वितरण गरिनेछ।
- विपद व्यवस्थापन कोषको स्थापना गरी प्राकृतिक प्रकोपको कारण घरबार बिहिन भएका विस्थापित गाउँपालिकाबासीलाई उचित राहत तथा आवश्यक आवासको व्यवस्था गरिनेछ।

- विपद व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन सम्बन्धित निकायबीच उचित समन्वयको व्यवस्था मिलाईनेछ । जसका लागि कर्मचारी तथा जनप्रतिनिधिको क्षमता अभिवृद्धि गर्न आवश्यक तालिम, गोष्ठि आदिको प्रबन्ध गरी नागरिक सचेतना अभिवृद्धि गरिनेछ ।

## संस्थागत विकास तथा सेवा प्रवाह क्षेत्र

### मानव संशाधन विकासतर्फ

- गाउँपालिकाका कर्मचारीहरुको सीप, दक्षता, क्षमता तथा अनुभवमा विकास गर्दै प्रभावकारी कार्यसम्पादन गराउन आवश्यक बिभिन्न प्रकारको तालिम, गोष्ठी तथा आन्तरिक भ्रमणको अवसरको व्यवस्था गरिनेछ ।
- स्थानीय सरकारका रुपमा स्थापित गाउँपालिकाको कार्यबोझ र सेवाप्रवाहको विशिष्टता र विविधिकरणलाई मध्यनजर गरी कर्मचारीलाइ आफ्नो कार्यप्रति पूर्ण परिचालन गरी सेवाप्रवाहलाई चुस्त र दुरुस्त एंव प्रभावकारी बनाउन आवश्यक पहल गरिनेछ ।
- गाउँपालिका अन्तर्गत विभिन्न शाखामा कार्यरत कर्मचारीहरुको कार्यसम्पादन मूल्याकंनका आधारमा कर्मचारी प्रोत्साहनको व्यवस्था गरिनेछ, साथै कार्यसम्पादन कमजोर देखिएका कर्मचारीहरुलाई कारबाहीको दायरामा ल्याईनेछ ।
- कार्यालयमा उपलब्ध मानव संसाधनका लागि आवश्यक फर्निचर तथा सेवा प्रवाह कक्षको उचित व्यवस्था गरी सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन आवश्यक पहल गरिनेछ ।
- कर्मचारी र जनप्रतिनिधिबीच असल सम्बन्ध कायम गर्दै कार्यालयको कामकारबाहीलाई नवीन एंव अनुसन्धानमूलक बनाउन अन्य सरकारी निकायमा रहे भएका असल अभ्यासहरुलाई आत्मसात गर्दै सेवा प्रवाहमा प्रभावकारीता कायम गर्न जनप्रतिनिधि-कर्मचारी सामूहिक अध्ययन अवलोकन भ्रमणको व्यवस्था गरिनेछ ।

## सेवा प्रवाह तथा विद्युतीय सूचना प्रविधिको प्रयोगः

- गाउँपालिका तथा अन्तर्गतका कार्यालयबाट प्रवाह हुने सेवामा विद्युतीय सूचना प्रविधिको अत्याधिक प्रयोग गर्दै सेवा प्रवाहलाई सरल, छिटो र छरितो, पारदर्शी एंव नागरिकमैत्री बनाइनेछ ।
- गाउपालिका भित्रका प्रत्येक वडा कार्यालयहरुमा विद्युतिय सूचना प्रणालीका माध्यमबाट अनलाइन मार्फत सेवा प्रवाह गरिने व्यवस्था मिलाउन पहल गरिनेछ ।
- गाउँपालिका तथा वडा कार्यालयमा विद्युत आपूर्तिको समस्यालाई मध्यनजर गर्दै वैकल्पिक उर्जाको ब्यबस्था गरिनेछ ।
- नागरिकमा सूचनाको हक प्रवर्द्धन गर्दै सेवा प्रवाहमा पारदर्शिता कायम गर्न विद्युतीय नागरिक वडापत्र लगायतका उपकरण प्रयोगका लागि आवश्यक व्यवस्था मिलाईनेछ ।

- गाउँपालिका अन्तर्गत विभिन्न शाखा तथा विद्यालयहरुमा जडान गरिएको ई-हाजिरीको प्रयोगलाई अनिवार्य गरी कर्मचारी नियमिततालाई व्यवस्थित गरी सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने व्यवस्था गरिनेछ।
- सेवा प्रवाहका लागि आवश्यक विद्युतीय सामग्रीहरु ल्यापटप, डेस्कटप लगायतका सामग्रीहरु खरिद गर्दा गुणस्तरीयताको  पक्षलाई विशेष ध्यान दिईनेछ
- गाउँपालिकाबाट प्रवाह गरिने सेवालाई सेवाग्राहीमैत्री, प्रविधिमैत्री एंव समय सापेक्ष बनाउन बढीभन्दा बढी सूचना प्रविधिको प्रयोगलाई बढावा दिदै गाउँपालिका परिसरभित्र नागरिक सहायता कक्ष तथा प्रतिक्षालयको निर्माण गरिनेछ।

## वित्तीय व्यवस्थापन र सुशासन क्षेत्र

### राजस्व परिचालनतर्फ

- आम जनतालाई कर तथा राजश्वको महत्वका बारेमा जनचेतना बिस्तार गरिनेछ। साथै कर तिर्नु नागरिकको पहिलो कर्तव्य हो र उक्त रकम स्थानीय सरकारले लोककल्याणकारी क्षेत्रमा आवश्यकताका आधारमा पारदर्शी रुपमा खर्च गर्ने जानकारी गराइ जनतालाइ करप्रति प्रतिवद्ध  गराइ आन्तरीक आम्दानीलाइ बढोत्तरी गरिनेछ।
- करका दायरा तथा स्रोतको पहिचान गरी कर संकलन कार्यलाई थप व्यवस्थित बनाउँदै लगिनेछ।
- अनौपचारिक क्षेत्रलाई करको दायरामा ल्याई आन्तरिक राजस्व प्रवर्द्धनमा जोड दिईनेछ।
- वित्तीय साक्षरता प्रवर्द्धन गर्न करदाता शिक्षालाई जनसमक्ष पुर्याउन वित्तीय सारक्षरता सम्बन्धी तालिम गोष्ठी आदिको व्यवस्था गरिनेछ।
- राजस्व परिचालनको क्षेत्रलाई थप व्यवस्थित एंव प्रभावकारी बनाउन एकीकृत राजस्व सुधार गुरुयोजना तयार गरी कार्यान्वयनमा ल्याईनेछ।
- गाउँपालिका क्षेत्रभित्र रहेका आन्तरिक राजस्व प्रवर्द्धनका क्षेत्रहरु पहिचान गरी राजस्व वृद्धि गर्न आवश्यक पहल गरिनेछ।
- राजस्वको दायरालाई वृद्धि गर्दै राजस्व परिचालनमार्फत सिदिङवा गाउँपालिकाको सर्वाङगीण विकासमा टेवा पुर्याउन सम्पत्ति कर लगायतका करहरु उठाईनेछ।
- राजस्व परिचालनको क्षेत्र लगायत सिदिङवा गाउँपालिकाको सबै क्षेत्रमा सन्तुलित एंव योजनाबद्ध विकास गर्न यस आ व बाट गाउँपालिकाको आफ्नै आवधिक योजना कार्यान्वयनमा ल्याईनेछ।

### बेरुजु फर्छ्यौटतर्फ

- यस गाउँपालिकालाई बेरुजु रहित गाउँपालिका बनाइनेछ। साथै गाउँपालिका तथा वडामा रहेको बेरुजुहरु नियमानुसार असुल उपर गरिनेछ। समयमै वेरुजु असुल उपर गर्ने व्यक्ति संस्थालाई उचित पुरस्कारको व्यवस्था गरिनेछ। वेरुजु असुलीलाई कडाइका साथ अवलम्वन गरी बेरुजु रहित गाउँपालिका वनाइनेछ।

- आन्तरिक नियन्त्रण प्रणालीलाई व्यवस्थित गर्दै आर्थिक सुशासन कायम गर्न आवश्यक पहल गरिनेछ
- आ.ले.प. को व्यवस्था गरी बेरुजु हुनसक्ने संभावित कारोबारोको समयमा नै पहिचान गरी नियमित गरिनेछ।
- म.ले.प. ले औँल्याएको बेरुजु सम्बन्धमा तोकिएको समयभित्र नै सम्परीक्षण गर्ने व्यवस्था गरिनेछ।
- सार्वजनिक खरिद लगायतका अन्य कानूनी प्रावधानका सम्बन्धमा कर्मचारी तथा जनप्रतिनिधिलाई आवश्यक तालिमको व्यवस्था मिलाईनेछ।

**सार्वजनिक सुनुवाई सम्बन्धमा**

- गाउँपालिकाबाट प्रवाह हुने सेवाको सम्बन्धमा सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ ले गरेको व्यवस्था बमोजिम प्रत्येक चार-चार महिनामा कम्तीमा एक पटक सार्वजनिक सुनुवाई गरी सुशासनको प्रत्याभुति दिलाइनेछ।
- सार्वजनिक सुनुवाई तथा सामाजिक परीक्षणको माध्यमबाट सरोकारवाला वर्गहरुको माग तथा आकांक्षाहरुलाई समयमा नै सम्बोधन गरी सेवा प्रवाहलाई थप चुस्त दुरुस्त बनाईनेछ।

**सम्मानित सभाध्यक्ष महोदय,**

अब म यस गरिमामय सभामा गत आर्थिक वर्षका नीति कार्यक्रम तथा वजेटहरुको समीक्षा पेश गर्ने अनुमति चाहान्छु

## आर्थिक विकास क्षेत्र

**कृषि विकास शाखा तर्फ:**

- फलफूल, तरकारी, डालेघाँस तथा पुष्प बिरुवा बाहिरी क्षेत्रवाट आयत गर्नु पर्दा सिदिङ्वा गाउँपालिकाको मोटो रकम बाहिरिने साथै कृषकहरुमा ठुलो आर्थिक वोझ पर्ने कुरालाई ध्यानमा राख्दै पहिलो प्राथमिकताको साथ यस गाउँपालिकाले एक नर्सरी स्थापना तथा सञ्चालन गरेकको छ। यस नर्सरीवाट विभिन्न जातका फलफूल, तरकारी, डालेघाँस र पुष्पका १,०५,२२१ वोट विरुवा कृषकलाई प्रदान गरीएको छ यस सँगै रकम रु. ७४,३२९.५०।– (अक्षरेपी: चौहत्तर हजार तिन सय उनान्तिस र पैसा पचास मात्र) राज्वश्व संकलन भएको छ भने ५०१ कृषक घरधूरीले सेवा प्राप्त गरेकाछन।
- व्यवसायिक खेती विस्तार गर्न, उन्नत जातको बाली खेती गर्न साथै माटोको गुणस्तर परिक्षण तथा सुधार गर्ने उदेश्यले यस पालिकाले एक कृषि मिनि ल्याव स्थापना गरेको छ। कृषकहरुको फिल्ड निरिक्षण गरी, माटोको पि.एच. ३१ वटा, नाइट्रोजन ३१ वटा, फस्फोरस २८ वटा, पोटासियम २५ वटा र **OM** ३१ वटा गरी ३१ जना कृषकहरुको जम्मा ३१ माटोको नमुना परिक्षण भएको छ।

- सिदिङवा गाउँपालिका अन्तर्गतका सम्पुर्ण अगुवा तथा व्यवसायिक कृषक हरुलाई खेति व्यावसायमा आइपर्ने समस्याको समाधान विधि तथा प्रविधि हस्तान्त्रण गर्ने उदेश्यको साथ प्रत्येक वडामा नि:शुल्क घुम्ती वालि उपचार शिविर सञ्चालन गरीएको छ, यस शिविरवाट १ नं. वडा कालिखोलामा ५४ घर कृषक, २ नं. वडा सादेवामा १३९ घर कृषक, ३ नं. वडा आङखोपमा २३० घर कृषक, ४ नं. वडा साब्लाखुमा २३२ घर कृषक, ५ नं. वडा लिम्बुदिनमा ११४ घर कृषक, ६ नं. वडा मेहेलेमा २५८ घर कृषक, ७ नं. वडा सुरुमखिममा १३४ घर कृषक गरी जम्मा ११६१ घर कृषकहरु प्रत्यक्ष लाभाम्बित भएकाछन।
- सिदिङवा गाउँपालिका र कृषि ज्ञान केन्द्र ताप्लेजुङको साझेदारमा भिबिन्न कार्यक्रम सञ्चालन गरी २० वटा आधुनिक मौरी घार वितरण भएको, १२ वटा प्लाष्टिक टनेल निर्माण र २ वटा आधुनिक अलैचि सुकाउने भट्टि निर्माण भएको छ।
- देश व्यापीरुपमा फैलिएको अमेरिकन फौजिकिरा तथा बिभिन्न बालिमा क्षति पुर्याउने हानिकारक किरा तथा रोग नियन्त्रण गर्न, बालिमा क्षति गर्ने किरा नियन्त्रण गर्न १३२९, ढुसीजन्य रोग नियन्त्रण गर्नको लागी २९५, पोषक तत्वको कमिवाट हुने समस्या नियन्त्रण गर्न ३७७ र अन्य रोग, किरा तथा समस्या नियन्त्रण गर्न २१०, सेवा प्रवाह गरीएको छ भने यसवाट १५३० कृषक घरधुरीहरु लाभान्वित भएकाछन।
- रसायनिक मल अभावको कारण कृषि व्यवसायमा आइपर्ने समस्यालाई न्युनिकरण गर्न यस पालिकाले १ सहकारीलाई डिलरसिप प्रदान गरी रसायनिक मल बिक्रेता नियुक्ति गरेको छ। डिलरसिप प्राप्त गरेको सहकारीको माध्यमवाट २५ मे. टन युरीया मल आयत गरीएको र पटक पटक गरी ५१५ कृषकहरुलाई युरीया मल वितरण गरिएको छ।
- यस गाउँपालिका क्षेत्र भित्रको कृषि तथा पशुपन्छीको तथ्याङ्क संकलन तथा रेकडिङ कार्य भइरहेको छ र कृषकहरुलाई सुचिकृत गरी १३६५ कृषक घरधुरिको किसान परिचय तयार गरिएको छ र बाकीँ कृषक घरधुरीलाई सुचिकृत गर्ने कार्य तिब्ररुपमा भएको छ।
- आलु खेती विस्तार गर्नको लागी यस पटक सिदिङवा गाउँपालिका वडा नं. १ कालिखोला र वडा नं. ७ सुरुमखिममा आलु पकेट विकास कार्यक्रम सञ्चालन गरीएको छ।
- कृषि पेशालाई व्यवसायिक तथा आधुनिकिकरण गर्नको लागी यस वर्ष ९ वटा निजी फर्म र ३ वटा कृषक समूह गरी जम्मा १२ वटा व्यवसाय दर्ता गरीएको छ साथै निजि फर्म र कृषक समूह गरी जम्मा १५ वटा व्यवसाय नविकरण भएको छ।
- कृषि विकास शाखाको माशिक कार्यसम्पादन विवरण अनुसार यस वर्ष शाखाद्वारा प्रवाह गरीएको सेवावाट जम्मा ३३२३ कृषक लाभाम्वित भएका छन भने शाखाद्वारा जम्मा राजश्व रकम रु. ९२,९२९.५०।– (अक्षरेपी:

बयानब्बे हजार नौ सय उनान्तिस पैसा पचास मात्र) संकलन गरी गाउँपालिकाको आन्तरिक राजश्व खातामा जम्मा गरिएको छ।

**पशु सेवा शाखा तर्फ**

- यस गाउँपालिका क्षेत्र भित्रका कृषकहरुको पशु स्वास्थ्य उपचार गर्ने उदेश्यका साथ पशुपन्छी उपचार तथा औषधी व्यवस्थापन कार्यक्रम सञ्चालन गरेको छ । यस कार्यक्रमवाट १९२२ जना कृषक लाभान्वित भई जम्मा १५,०४० पशुपन्छीहरुको स्वास्थ्य उपचार भएको छ।
- सिदिङ्वा गाउँपालिका अन्तर्गत सम्पुर्ण अगुवा कृषक तथा व्यवसायिक कृषकहरुले पालन गरेको पशुपन्छीहरुको रोग पहिचान गरी बाह्र र आन्तरिक परजिवी, रोग नियन्त्रण, बाजोपन निवारण तथा परामर्श सेवा प्रदान गर्ने उदेश्यले प्रत्येक वडामा नि:शुल्क पशु स्वास्थ्य शिविर सञ्चालन भएको छ। यस कार्यक्रम वाट १ नं. वडा कालिखोलामा ४८ कृषक घरधुरी, २ नं. वडा सादेवामा १२२ कृषक घरधुरी, ३ नं. वडा आङखोपमा २०८ कृषक घरधुरी, ४ नं. वडा साब्लाखुमा १३९ कृषक घरधुरी, ५ नं. वडा लिम्बुदिनमा ६७ कृषक घरधुरी, ६ नं. वडा मेहेलेमा २१५ कृषक घरधुरी र ७ नं. वडा सुरुमखिममा ११६ कृषक घरधुरी गरी जम्मा ९१५ कृषक घरधुरी प्रत्यक्ष लाभाम्वित भएका छन।
- गाउँघरमा नै सेवा पुर्याई सेवाको पहुँच भन्दा बाहिरका कृषकहरूलाई समेटि र पशुपंक्षीमा रहेका यावत समस्याहरूको एकिकृत समाधान गर्नुको साथै सम्वन्धित स्थानमा पुगि समस्याको समाधान गर्न उद्देश्यले पशुपन्छी खोप अभियान अन्तरगत सिदिङ्वा गाउँपालिकाको सातैवटा वडाहरुमा नि:शुल्क खोप अभियान सञ्चालन गरिएको छ। यस कार्यक्रमवाट पि.पि.आर रोग विरुद्ध ९४८० खोप, खोरेत रोग विरुद्ध ७९८३ खोप, स्वाइन फिवर रोग विरुद्ध २७९३, रानिखेत रोग विरुद्ध ४९९१ र लम्पी स्किन रोग विरुद्ध १६६२ खोप कार्य सञ्चालन भएको छ।
- यस गाउँपालिका भित्रका डेरी व्यवसायिक कृषक, उद्यमीहरुलाई उत्पादन र उत्पादत्व अभिवृद्दि तथा खाद्य सुरक्षा योगदान गर्नुका साथै कृषकहरुको आर्थिक जिवनस्तर वृद्दि गर्ने उद्देश्यका साथ यस पटक ९ जना डेरी व्यवसायहरुलाई भौतिक संरचना निर्माण, सुधार र औजार उपकरण खरिद गर्न लागत आझेदारीमा अनुदान उपलब्ध गराई कार्यक्रम सञ्चालन गरिएको छ।
- पशुपन्छीको स्वास्थ्य परिक्षण गर्ने उदेश्यले यस गाउँपालिकाले पशु स्वास्थ्य प्राथामिक ल्याव व्यवस्थापन गरिएको छ। यस ल्याववाट थुनेलो रोग विरुद्ध ५३ वटा पशुहरुको दुध परिक्षण, नमूना संकलन गर्नको लागि ६ वटा पशुहरुको रगत परिक्षण, बाझोपन निवारण गर्नको लागि ५३ पशुहरुमा गर्भ परिक्षण, रोग पहिचान गर्नको लागि ४ वटा पशुपन्छीको शव परिक्षण र ९८ वटा पशुपन्छीहरुको गोवार परिक्षण गरिएको छ।
- व्यवसायिकरुपमा पशुपालन गर्दै आएका कृषकहरुलाई व्यवसायिक तथा आधुनिकरण गर्नको लागी हाल सम्म ३३ वटा पशुपन्छी व्यवसायमुलक फर्म दर्ता तथा नविकरण भएका छ।

### पर्यटन

- पर्यटनका सम्भावनाहरुलाई यथासम्भव खोज, अनुसन्धान, संरक्षण तथा सम्बर्द्धन गर्न यस गाउँपालिका अन्तर्गतका तिम्बुङपोखरी, ढङ्ढङे झरना, तोपाहाङ मार्ग जस्ता आन्तरिक/बाह्य पर्यटकीय केन्द्रको पहिचान गर्दै सिदिङ्वा गाउँपालिकालाई पर्यटनको हबको रुपमा विकास गर्नको लागि पहल गरिएको छ। यसै सम्बन्धमा संघिय सरकारको समपुरक अनुदान अन्तर्गत तावानागी देखि तिम्बुङपोखरी सम्मको पर्यटकीय पदमार्ग तथा पूवाधार निर्माणको कार्य सञ्चालन भईरहेको छ। त्यस्तै प्रदेश सरकारको समपुरक अनुदान अन्तर्गत धारा नेपाले मोटरबाटो र सिदिङ्वा धाम पर्यटन पुर्वाधार निर्माण कार्य समेत सञ्चालन भईरहेको छ। यस बाट आन्तरिक पर्यटकहरुको संख्यामा बृद्धि हुनुको साथै गाउँपालिकाको राजश्वमा समेत उल्लेख्य सुधार हुने आशा गर्न सकिन्छ।

### उद्यम विकास

- गरिवि निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत वडा नं ३ मा स्तरोन्नती २०जना उद्यमी सृजना गरी उक्त उद्यमीहरुलाई कटिङ तथा प्राविधिक सिप विकास तालिम प्रदान गरिएको छ।
- नयाँ उद्यमीहरु मध्ये १३ जनालाई नयाँ व्यवसाय सञ्चालनमा सहयोग पुग्ने अपेक्षाका साथ प्राविधिक सामाग्री हस्तान्तरण गरिएको छ।
- गत आ.वमा सृजित कालिखोलाका १८ जना उद्यमीहरुलाई सिप विकास राडि पाखि तथा अल्लो प्रशोधनका लागि २ महिने तालिम प्रदान गरिएको छ।
- सादेवामा वडा नम्बर २ मा १८ जना मुढा तथा बाँसको फ्रेम निर्माण तालिम प्रदान गरिएको छ।

## सामाजिक विकास क्षेत्र

### शिक्षाः-

- गत र चालु आ.ब.मा राष्ट्रपति शौक्षिक सुधार कार्यक्रम अन्तरगत ३ वटा विद्यालयमा भवन निर्माणको कार्य सम्पन्न भएको छ।
- विद्यालयमा भर्ना भएका सबै छात्राहरु तथा दलित विद्यार्थीहरु गरी जम्मा १०७२ जना विद्यार्थीलाई गैरआवासीय छात्रवृति वितरण गर्नको लागि संबन्धित विद्यालयको खातामा पैसा निकासा गरिएको छ।
- आधारभूत तह (कक्षा – ८) को बार्षिक परीक्षामा २०२ जना विद्यार्थी सम्मेलित गराई परिक्षालाई मर्यादित र ब्यबस्थित तरिकाले संचालन गरी प्रमाण पत्र तथा ग्रेड सिट वितरण गरिएको छ।

- शैक्षिक सत्र २०८० को लागि शैक्षिक क्यालेन्डर निर्माण तथा वितरण गरी शैक्षिक कार्यक्रम व्यवस्थापन गरिएको ।
- सार्वजनिक विद्यालयमा अध्यानरत विद्यार्थीहरुको लागि निशुल्क पाठ्य पुस्तक अनुदान अन्तर्गत सम्पूर्ण विद्यार्थीलाई पाठ्य पुस्तक वितरण गरिएको छ ।
- सिदिङ्वा गाउँपालिका अन्तर्गत १-५ सम्म अध्यानरत सम्पूर्ण विद्यार्थीलाई ब्याग उपलब्ध गराइएको छ भने विद्यालयमा अध्यानरत छात्रालाई निशुल्क स्यानिटरी प्याड वितरण गरिएको छ ।
- स्थानीय स्तरको भाषालाई प्रोत्साहन गर्न **आनिपान भाषा** पढाइरहनु भएका शिक्षकहरुको प्रोत्साहन स्वरुप अनुदान उपलब्ध गराइएको छ ।
- सशर्त अनुदान अन्तर्गत **माध्यमिक तह कक्षा (९-१०) मा अंग्रेजी, गणित, र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान सम्बन्धमा** प्राप्त बजेटलाई बालकल्याण मा.बि., सुरुम्खिम, सरस्वती मा.बि., साब्लाखु र सिंहेश्वरी मा.बि., आंखोपलाई १/१ जना मा.बि. शिक्षकको बार्षिक रुपले हुन आउने त.भ. बापतको रकम अनुदान उपलब्ध गराइएको छ । त्यसैगरी **निम्न माध्यमिक तह कक्षा (१-८) मा अंग्रेजी, गणित, र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान सम्बन्धमा** प्राप्त बजेटलाई सिंहदेवि आ.वि तथा आगेपा आ.विमा शिक्षक नियुक्ति गएको छ । यसबाट निम्न माध्यमिक तथा माध्यमिक तहमा अंग्रेजी, गणित र विज्ञान विषयको शिक्षक अभावको कारण शैक्षिक गुणस्तरमा आएको ह्रासको पुर्ति भई विद्यार्थीको सिकाईको स्तर सुध्रिने अपेक्षा गरिएको छ ।
- शैक्षिक गुणस्तर सुदृधिकरण अनुदान अन्तर्गत एक विद्यालयलाई विज्ञान प्रयोगशाला अनुदान र एक विद्यालयलाई ICT व्यवस्थापन अनुदान प्रदान गरीएको छ ।

**स्वास्थ्य:-**

- सिदिङवा गाउँपालिका वडा नम्बर २ सादेवामा रहेको स्वास्थ्य चौकिलाई बर्थिङ सेन्टरमा स्तरउन्नती गरी संञ्चालनमा ल्याईएको छ ।
- राष्ट्रिय खोप कार्यक्रम अन्तर्गत यस गाउँपालिकामा गत आ.ब. मा १५५ जना बालबालिकाले खोप प्राप्त गरेका छन्, जसमध्ये १४३ जना बालबालिकाले पुर्ण खोप प्राप्त गरिसकेका छन् ।
- यस गाउँपालिका अन्तर्गतका प्रत्येक वडाहरुमा २८ वटा खोप केन्द्र मार्फत **राष्ट्रिय भिटामिन ए** कार्यक्रम अन्तर्गत २०८० कार्तिक १२-१३ र २०८१ बैशाख ६-७ गरी दुई पटक संचालित कार्यक्रममा ६ महिना देखि ११ महिना सम्मको १४३ जना तथा १ वर्ष देखि ५ वर्ष सम्मको १२५८ जना गरी जम्मा १४०१ जना बालबालिकालाई भिटामिन ए को क्याप्सुल खुवाइएको छ । साथै सोही अभियानमा १२५८ जना बालबालिकालाई जुकाको औषधि पनि खुवाइएको छ ।
- यस गाउँपालिकाको सवै वडाको कुल २७ वटा केन्द्रवाट गाउँघर क्लिनिक मार्फत ३६४१ जना सेवाग्राहीले सेवा प्राप्त गर्नु भएको छ ।

- स्वास्थ्य चौकीको भौतिक पूर्वाधार सुधार अन्तर्गत स्वास्थ्य चौकि सुरुमखिम, मेहेले र सादेवाको भवन ब निर्माणाधिन अवस्थामा रहेको छ ।
- गाउँपालिकामा कार्यरत महिला स्वास्थ्य स्वयंसेविकाहरुले पुर्याउनु भएको योगदानको कदर गर्दै यातायात खर्च शिर्षकमा भुक्तानी गरिएको छ।
- बर्थिङ सेन्टरमा नै सुत्केरी गराउने अभियान अन्तर्गत साब्लाखुमा १९ जना र आङखोपमा १२ जना गरी जम्मा ३१ जना गर्भवती महिलाले बर्थिङ सेन्टरमा सुत्केरी गराउनु भएको छ।
- यस गाउँपालिका स्थित १-७ वडाका १०५ जना गर्भवती महिलाहरुको स्वास्थ्य अवस्था जाँच गर्न संबन्धित वडाको स्वास्थ्य चौकीमा नै गई **Rural Ultra Sono Graphy (RUSG) कार्यक्रम** सम्पन्न गरिएको छ ।
- नेपाल सरकारले निशुल्क रुपमा प्रदान गरेको ९८ प्रकारका औषधिहरुलाई बाह्रै महिना निशुल्क रुपमा उपलब्ध गर्न आबश्यक प्रवन्ध गरिएको छ।
- स्वास्थ्य सेवालाई थप प्रवाभकारी वनाउन रिक्त रहेका दरबन्दीमा २ जना स्वास्थ्यकर्मीहरु नियुक्ति गरी विभिन्न स्वास्थ्य संस्थामा पदस्थापना गरिएको छ।
- गत आ.वमा यस गाउँपालिकामा कोरोना बिरुद्धको खोप अभियान अन्तर्गत ७४० जनालाई खोप सेवा प्रदान गरिएको छ भने ३४ जनालाई क्यु. आर कोड सहितको खोप कार्ड उपलब्ध गराइएको छ।
- साब्लाखु स्वास्थ्य चौकीमा स्थापना गरिएको ल्यावलाई सुदृढ गरी संचालनमा ल्याएको छ।

**खानेपानीः-**

- गाउँपालिकाको सुक्खाग्रस्त क्षेत्र साविक साब्लाखु १,२ र ३ क्षेत्रमा रहेको खानेपानीको ठूलो सङकटलाई समाधान गर्न **मिटर सिस्टम** लागू गरिएको छ। प्रत्येक घरधुरीमा **खानेपानीको मिटर** जडान गरी खानेपानीमा हुने चुहावट नियन्त्रण तथा आबश्यक परिमाणमा मात्र खानेपानीको प्रयोग हुने तथा बाँकी परिमाण आरबिटीमा भन्डारण भई उक्त समस्या समाधान हुने अपेक्षा गरिएको छ।
- साविकमा संचालन भइरहेका तथा उपभोग गरिरहेका खानेपानीका मुहानहरु मध्ये यस गाउँपालिकाका हुडुले मुल, कोप्चे मुल छुम्बि खोल्सा मुल जस्ता ११ वटा मुलहरु मर्मत गर्दै खानेपानीमा नागरिकको पहुंच स्थापना गरिएको छ।
- गत आ.ब. मा १६००० मिटर विभिन्न साइजको पाईप खरिद र ७४३ घरधुरीमा खानेपानीको पहुँच पुगेको छ ।
- आङ्खोप, साब्लाखु, लिम्बुदीन भित्र खानेपानी आयोजनाको समस्या समाधान गर्न ठेक्का प्रकरणद्वारा रु २८,०५,१५४.४४/- को पाइप खरिद गरिएको छ ।
- कावेलि खोला लिफ्टिङ परियोजाना सम्पन्न भई संञ्चालनमा आउने क्रममा छ।

- संघिय शशर्त अनुदान अन्तर्गतको मावाखोला लिम्बुदिन खानेपानी आयोजना निर्माणको प्रकृयामा रहेको छ ।

**खेलकुदः-**

- यस गाउँपालिकाका युवा खेलाडीहरुको प्रतिभा प्रस्फुटन गर्न खेलकुद क्षेत्रलाई प्रथमिकतामा राखि यस सिदिङ्वा गाउँपालिका द्वारा प्रथम सिदिङ्वा रनिङ शिल्ड भलिवल प्रतियोगिता सञ्चालन गरिएको छ । ताप्लेजुङका सवै स्थानीय तह र पाँचथरका ३ वटा स्थानीय तहलाई प्रतियोगितामा सहभागीताका लागी आम्न्त्रण गरियो । सो आयोजनामा सिदिङ्वा गाउँपालिकाले द्वितीय स्थान हाँसिल गरेको छ ।
- यस गाउँपालिकाका युवा खेलाडीहरुको प्रतिभा प्रस्फुटन गर्न खेलकुद क्षेत्रलाई प्राथमिकतामा राखिएको छ । सिरिजंघा गाउँपालिका द्वारा आयोजित अन्तरपालिकास्तरीय भलिबल प्रतियोगितामा द्वितीय स्थान हासिल गरेको छ, फुङलिङ नगरपालिकाले संचालन गरेको अन्तरपालिकास्तरीय भलिबल प्रतियोगितामा द्वितीय स्थान हासिल गरेको छ, त्यसै गरी फालेलुंग गाउँपालिकमा संचालन भएको पुरुष भलिबल प्रतियोगितामा **प्रथम स्थान** हासिल गरेको छ ।
- आठराई त्रिवेणी गाउँपालिकामा आयोजना भएको जिल्ला स्तरीय राष्ट्रपति रनिङ सिल्ड प्रतियोगितामा यस गाउँपालिकाले १ स्वर्ण, २ रजत र ६ काश्य पदक सहित ९ पदक प्राप्त गरेको छ ।
- खेलकुद विकासको लागि यस गाउँपालिकाको कार्यालय परिसर भित्र व्याडमिन्टन कवर्डहल निर्माण गरी गणतन्त्र दिवसको उपलक्षमा यस ताप्लेजुङ जिल्लाका सम्पुर्ण स्थानिय तह र पाँचथरको ३ वटा गा.पाको समेत सहभागीतामा आठ खेल समुहको व्यडमिन्टन प्रतियोगिता सम्पन्न गराइएको छ ।
- स्वास्थ्यको लागि खेलकुद राष्ट्रका लागि खेलकुद नारा सहित सिदिङ्वा गाउँपालिकाको भञ्ज्याङ मा. वि.को खेल मैदानमा चार दिन सम्म आयोजना गरिएको पालिका स्तरिय राष्ट्रपति रनिङ सिल्ड प्रतियोगितामा जम्मा २४ खेल समुह सञ्चालन गरी सम्पुर्ण खेल समुहमा छात्र तथा छात्रा विद्यार्थीहरुलाई सहभागी गराइएको छ ।
- फुङ्लिङ नगर पालिका द्वारा आयोजित महिला फुटबल प्रतियोगितामा यस पालिका द्वारा सहभागिता जनाइएको छ ।
- यस गाउँपालिकाका सम्पूर्ण माध्यमिक तहका विद्यार्थीहरुलाई भलिवल प्रशिक्षणमा सहभागि गराइएको छ ।

**लैंगिक समानता तथा सामाजिक समावेशिकरणः-**

- गाउँपालिकाबाट प्रवाह हुने हरेक सेवा सुविधामा महिला, बालबालिका, फरक क्षमता भएका, ज्येष्ठ नागरिकहरुलाई विशेष प्राथमिकता दिइएको छ ।
- महिलाहरुको सशक्तिकरणको लागि ७ वटै वडाको महिलाहरुको सहभागितामा क्षमता विकासको कार्यक्रम अन्तर्गत लेखन शिप तथा पव्लिक स्पिकिङ सम्बन्धी तालिम प्रदान गरिएको छ ।

- जेष्ठ एकल महिलाहरुलाई सम्मान स्वरुप सिदिङ्वा गाउँपालिका २८ जना एकल महिलाहरुलाई न्यानो कपडा वितरण गरिएको छ।
- छात्रा विद्यार्थीहरुको क्षमता विकासको लागि अन्तराष्ट्रिय महिला दिवसको उपलक्षमा ६ जना विद्यार्थीको सहभगितामा वक्तित्वकला प्रतियोगिता सञ्चालन गरिएको छ।

## पूर्वाधार क्षेत्र

### सडक तथा पुल

- चालु आ.ब. मा १६६ वटा योजना/कार्यक्रमहरुको संझौता भई कार्यसम्पन्न भइसकेको अवस्था छ जसमध्ये १४.५८० किमि नयाँ ट्र्याक विस्तार तथा  ६३ किमि सडकको स्तरोन्नती साथै मर्मत  भएको छ।

- पाँचथरको याङवरक गाउँपालिका र सिदिङ्वा गाउँपालिकाको सिमाना कार्तिके देखी साल्बोटे मादिबुङ लिम्बुदिन हुंदै मेहेले सम्म सडक संजालले जोड्नको लागि **विस्तृत आयोजना प्रतिवेदन (DPR)** तयार गरी **सङ्घीय तथा प्रदेश सरकार समक्ष समपुरक अनुदान**को रुपमा योजना माग भए बमोजिम ठेक्का मार्फत करिब १४ कि.मि को सडक विस्तार तथा स्तरोन्नती को कार्य सञ्चालनमा आएको छ। । जसबाट उक्त क्षेत्रमा रहेका करिब १५०० नागरिकहरुले प्रत्यक्ष रुपमा लाभ लिन सक्नेछन्।
- गाउँपालिकाले निर्माण गर्ने सडकको गुणस्तर कायम गर्न नयाँ निर्माण गरिने सडकहरु कम्तिमा पाँच मिटरको चौडाइको हुनु पर्ने, जसमध्ये करिव ०.९  मिटरको भागमा नाली अनिवार्य गर्नुपर्ने नीति अनुरुप सडक विस्तार तथा स्तरोन्नीको हकमा सोही नियमानुसार योजना सञ्चालनमा आएको छ तथापी केही केही आयोजनाहरुमा भौगोलिक विकटताको कारण नाली खन्न सकिएको छैन। सडक निर्माण पश्चात नाली खन्ने कार्यमा गरिएको अनिवार्यताले गाउँपालिकाले निर्माण गरेको सडकको सूरक्षा, दिगोपना कायम गर्न मद्दत पुग्ने विश्वास लिइएको छ।

## सिंचाई

- गाउँपालिकाको सुक्खाग्रस्त क्षेत्र साविक साब्लाखु १,२ र ३ मा काबेली खोलाबाट **लिफ्टिङ प्रविधि**को प्रयोग गरी खानेपानी तथा सिँचाईको पहुँच स्थापनाको लागि रु. २,९३,६४,७८४.७८।- लागतको विस्तृत आयोजना प्रतिवेदन तयार गरी सङ्घीय सरकार समक्ष **विशेष अनुदान**मा योजना माग गरिएको मा ठेक्का

आब्हान गरिएको र "Y.P.R, धनकुटा " ले रु. २,३०,४५,४०८.०६/- मा निर्माण गर्न कबोल गरी संझौता बमोजिम कार्य सम्पन्न भएको छ।

**भवन तथा शहरी विकास**

- सुरुमखिम स्वास्थ्य चौकि भवन निर्माणका लागि संघिय सरकारको शसर्त अनुदान मार्फत रु २००००००।०० तथा प्रदेश सरकार शसर्त अनुदानबाट रु १५०००००।०० गरी जम्मा रु ३५०००००।०० प्राप्त भएकोमा सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम ठेक्का आवहान् भई रु. ३४,०६,८३५।८२ मा ठेक्का सम्झौता गरि रोयल एस.वि.डी. जे/भी लाई कार्यादेश दिई आयोजना सञ्चालनमा आएको छ।
- सिदिङवा -०६ , मेहेलेमा हेल्थपोष्ट भवन निर्माणका लागि प्रदेश सरकार शसर्त अनुदानबाट रु ५००००००।०० प्राप्त भएकोमा सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम ठेक्का आवहान् भई रु. ४६१८०९२।८८ मा ठेक्का सम्झौता गरि नया नेपाल SBD J/V लाई कार्यादेश दिई आयोजना सञ्चालनमा आएको छ।
- सादेवा स्वास्थ्य चौकि भवन निर्माणका लागि प्रदेश सरकार शसर्त अनुदानबाट रु १५०००००।०० प्राप्त भएकोमा सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम ठेक्का आवहान् भई रु. ४२२६३३०।३० मा ठेक्का सम्झौता गरि नया नेपाल Bison Builders Pvt.ltd लाई कार्यादेश दिई आयोजना सञ्चालनमा आएको छ।
- ८ योजनाहरु क्रमस
  (१) लिलहारा देखी महादेव थान जाने वाटो, लिम्बुदिन स्वास्थ्य चौकी जाने सादेवा लोकुवा बाजेनि मोटरबाटोसिससीलेजलेस्वरी,
  (२) केरावारी हेङकाबु / उखुवारी मजुवा/याम्फाखोला/चावाखोला/बाकटार/खोरीम्बाखोला खिर्लाबोटे आलुवारी व्थुगुते
  (३) सुवाखोला पुल
  (४) लप्सीगोलाई , धङधगे-मुक्कु भञ्ज्याङ रोड
  (५) फावाखोला पुल
  (६) म्युनिसिपल ट्रान्सपोर्ट प्लान
  (७) मवाखोला लिम्बुदिन खानेपानी
  (८) ल्याण्ड युज प्लान
  को **DPR** भइसकेको छ।
- गाउँपालिकाको प्रशासनिक भवन निर्माण सम्बन्धमा जानकारी गराउनु पर्दा दुःखका साथ भन्नु पर्छ, जग्गा खोजविन समितिको सिफारिस तथा गाउँपालिकाको निर्णय बमोजिम निशुल्क जग्गा उपलब्ध गराउने जग्गादाताले गाउँपालिका भञ्ज्याङमा सारी सकेपछि बोलि फेरिएकोले जग्गा विवादको कारण गाउँपालिकाको प्रशासनिक भवन निर्माण हुन सकेको छैन।

## वातावरण तथा विपद व्यवस्थापन क्षेत्र

- यस गाउँपालिकाका नागरिकहरुलाई बाढी, पहिरो जस्ता प्राकृतिक विपदबाट सिर्जित परिस्थितिको ब्यवस्थापनको लागि तार जाली तथा पाइप खरिद गरी प्रत्येक वडामा वितरण गरिएको छ।
- बाढी, पहिरो, आगलागी जस्ता प्राकृतिक प्रकोपबाट घरबार बिहिन भएका यस गाउँपालिका मार्फत राहत उपलब्ध गराइएको छ।
- सिदिङवा गाउपालिको विपद व्यवस्थापन समितिले विपद प्रतिकार्य योजना २०८० निमार्ण गरि कार्यान्वयन को प्रकृयामा रहेको छ।
- विपदबाट प्रभावित घरपरिवारको आवास पुनस्थापना तथा पुन निर्माणको लागि जिल्ला प्रशासन कार्यालय र राष्ट्रिय विपद प्राधिकरण सँग समन्वय गरी सम्झौताको चरणमा रहेको छ।
- विपद प्रभावितहरुको उद्दार तथा राहतको लागि विभिन्न सरकारी तथा गैर सरकारी संघ सस्थाहरुसँग समन्वय गरिएको छ।
- राहत तथा उद्दार सामाग्रीको व्यवस्थापनका लागि बजेट तर्जुमा समितिमा राहत तथा उद्धार सामाग्री खरिदका लागि आयोजना पेश गरिएको छ।
- विपद् व्यवस्थापन कोषको लागि बजेट विनियोजन गरिएको छ।

### संस्थागत विकास सेवा प्रवाह र सुशासन

- गाउँपालिकाका कर्मचारीहरुको सीप, दक्षता, क्षमता तथा अनुभवमा विकास गर्दै प्रभावकारी कार्यसम्पादन गराउन आवश्यक केही तालिम, गोष्ठीको अवसर प्रदान गरिएको छ।
- गाउँपालिकाको शाखागत सञ्चार प्रणालीलाई द्रुतता कायम गर्न अपटिकल फाइवर इन्टरनेट सेवाको शुरुवात गरिएको छ भने वडा कार्यालयहरुमा इन्टरनेट जडानको लागि प्रकृया अघि वढाइएको छ।
- गाउँपालिकाको वजार क्षेत्रको सुरक्षालाई मध्यनजर गर्दै साव्लाखु, आङ्खोप र लिम्बुदिनमा ११ वटा सोलार सडक वत्ती जडान गरिएको छ।
- सिदिङ्वा गाउँपालिकाको शाखा कार्यालयमा इनटरनेट तथा सिसि टि भी क्यामेरा जडान गरिएको छ।
- गाउँपालिका तथा यस अन्तरगतका शाखा, वडा कार्यालय तथा स्वास्थ्य चौकीमा इहाजिरी जडान गरी सञ्चालनमा ल्याइएको छ।

**१ अन्य**

- न्यायिक समिति समक्ष *स्थानीय* सरकार सञ्चालन ऐन,२०७४ को दफा ४७ (१) बमोजिमका कुनैपनि उजुरी नपरेको।
- न्यायिक समिति समक्ष स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ४७ (२) बमोजिमका ४ वटा उजुरी परेको मध्ये दुईवटा उजूरी न्यायिक समिति मार्फत छलफल भई मिलापत्र भएको, एक वटा उजुरी मेलमिलाप केन्द्रमार्फत छलफल भई मिलापत्र भएको र बाँकी एक वटा मेलमिलापको प्रक्रियामा रहेको छ।

- न्यायिक समितिको क्षमता अभिवृद्दीकालागि न्याय सम्बन्धी असल अभ्यास भएका पालिकाहरु मध्ये काठमाण्डौ महानगरपालिका, इच्छाकामना गाउँपालिका र हेटौडा उपमहानगरपालिका लाई छनौट गरि अध्ययन अवलोकन भ्रमण कार्यक्रम सम्पन्न गरियो ।
- न्यायिक समितिको स्थापना, अधिकार र कर्तव्यका साथै जनताको न्यायिक समिति सम्वन्धी धारणावारे बिचार, विमर्स, छलफल अन्तरकृया गर्ने उद्देश्यले **सबै वडामा जनतासँग न्यायिक समितिको अन्तरक्रियात्मक कार्यक्रम** सञ्चालन गरियो ।
- मेलमिलाप सम्बन्धी तालिम लिएका ८ जना ब्यक्तिहरुलाई मेलमिलाप कर्ताको रुपमा सुचिकृत गरियो ।
- सवै वडामा मेलमिलाप केन्द्र स्थापना गरियो ।
- न्यायिक समितिले न्याय सम्पादनमा सहजताका लागि न्यायिक इजलासको निर्माण गरियो ।
- न्यायिक समितिको काम कारवाहिमा सहजताको लागि ऐन तथा कार्यविधि निर्माण गरि लागु गरियो ।
- गाउँपालिकाको आर्थिक अवस्था कमजोर भएका क्यान्सर, मृगौला पिडित जस्ता १८ जना दीर्घरोगीहरुलाई रु. १७,८५,०००।– आर्थिक सहयोग उपलब्ध गराइएको छ ।
- यस गाउँपालिकामा सबै वडामा अनलाईनबाट घटना दर्ता गरिदै आएको छ र आ.व २०७९।८० मा १२३३ वटा घटना दर्ता भएको छ ।
- आ.ब. २०८०/८१ मा **प्रधानमन्त्री रोजगार कार्यक्रम** अन्तर्गत प्राप्त कुल रु. ५२७७२००।– बजेटले ७९जना बेरोजगार ब्यक्तिहरुलाई दैनिक रु. ६६८ को दरले १०० दिन बराबरको रोजगारी प्रदान गर्नको लागि १४ वटा आयोजनाहरु संचालन गरिएको छ । यस कार्यक्रमबाट गाउँपालिकाको श्रोत अभावको कारण मर्मत गर्न नसकिएको स्थानीय सडक, गोरेटो, घोडेटोहरु मर्मत संभार हुनुको साथै पूर्वाधार विकास निर्माण तथा मर्मत संभारमा महिला दिदी बहिनीहरु पनि प्रत्यक्षरुपमा संलग्न भई आर्थिक उपार्जन गरेका छन् । गरिब तथा जोखिममा रहेको विपन्न समुदाय र सिमान्तकृत वर्गलाई प्रत्यक्ष लाभ पुग्नुको साथै स्थानीय समुदायमा सामाजिक र आर्थिक उन्नतिमा प्रत्यक्ष सहयोग पुगेको विश्वास लिइएको छ ।

## आगामी आ.व. २०८१।०८२ को नीति, कार्यक्रम तथा बजेट

**सम्मानित सभाध्यक्ष महोदय,**

अब म यस गाउँपालिकाको सोंच, लक्ष्य, उद्देश्य, अपेक्षित उपलव्धि र नीति तथा कार्यक्रम तर्जुमा गर्दा अवलम्वन गरिएको आधारहरु पेस गर्ने अनुमति चाहन्छु ।

## २.१ सोंच, लक्ष्य, उद्देश्य र अपेक्षित उपलव्धि

### २.१.१ सोंच

समृद्ध र समुन्नत सिदिङवाको आधार: तिम्मुबङपोखरी, सिदिङवाधाम र पूर्वाधार

### २.१.२ लक्ष्य

आर्थिक वर्ष २०८१।०८२ को अन्त्यसम्ममा सिदिङ्वा गाउँपालिकामा भौतिक पूर्वाधार, कृषि, पर्यटन, शिक्षा, सुशासन, रोजगारी सिर्जना लगायतका क्षेत्रहरुमा उल्लेख्य सुधार गरी आर्थिक समृद्धि हासिल गर्ने ।

### २.१.३ उद्देश्य

एक वर्षभित्रमा कृषि क्षेत्रको व्यावसायीकरण तथा आधुनिकीकरण गर्दै, सुशासनमय प्रशासन कायम गर्दै गुणस्तरीय स्वास्थ्य शिक्षामा सबैको सहज पहुँच स्थापित गरी पर्यटन प्रवर्द्धन तथा उत्पादनशील रोजगारी सिर्जना मार्फत आम सिदिङवाबासी नागरिकको जीवनस्तरमा सुधार ल्याउनु ।

### २.१.४ अपेक्षित उपलव्धि

आ.व. २०८१/८२ को अन्त्यसम्ममा देहायका उपलब्धीहरु हासिल गर्न सकिने अपेक्षा राखिएको छ,

- नागरिकबाट हुने सार्वजनिक मूल्याकंनका विधिहरु जस्तै सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण तथा सार्वजनिक परीक्षणको प्रयोगमार्फत सार्वजनिक सेवा प्रवाहमा सुशासन कायम भएको हुनेछ ।
- सडक सञ्जालको विस्तार, स्तरोन्नति भई सुरक्षित, गुणस्तरीय र भरपर्दो यातायातको पहुँचमा वृद्धि भएको हुनेछ ।
- विपद व्यवस्थापनको कार्यलाई प्रभावकारी बनाउन कार्यगत तथा नीतिगत व्यवस्था भएको हुनेछ ।
- विपदका कारण क्षति पुगेका पूर्वाधारहरुको व्यवस्थापन तथा पुनःनिर्माण भएको हुनेछ ।
- प्राकृतिक प्रकोप न्यूनीकरण तथा प्रभावितको पुनःस्थापनाको लागि उचित व्यवस्थापन गरिने छ ।
- सिदिङ्वा गाउँपालिका क्षेत्रमा स्वास्थ्य तथा शिक्षा क्षेत्रमा देखिएका कमी कमजोरीहरुलाई निवारण गर्दै गुणस्तरीय स्वास्थ्य सेवा तथा शिक्षाको व्यवस्था भएको हुनेछ ।
- सिदिङ्वा गाउँपालिकामा गरिदैं आएको सुधारउन्मुख कृषि तथा पशुपालन प्रणालीमा थप व्यवस्थित वनाई कृषक, युवा तथा लक्षित वर्ग लाभान्वित हुने भएको हुनेछ ।
- सार्वजनिक प्रशासनलाई चुस्त, दुरुस्त, पारदर्शी, जवाफदेही, भ्रष्ट्राचारमूक्त बनाउन गुनासो सुनुवाई संयन्त्रलाई प्रभावकारी बनाईनेछ ।
- विभिन्न वडामा विस्तारित विद्युत प्रसारण लाईन सम्पूर्ण सात वटै वडामा विस्तार गरी भरपर्दो र दिगो बनाउन आवश्यक व्यवस्था भएको हुनेछ ।

- न्यायिक समितिमार्फत गरिने कामकारबाही सत्यतथ्यमा आधारित रही  आम नागरिकको विश्वास जित्ने गरी सम्पादन भएको हुनेछ, फलस्वरुप सरल र सहज न्यायिक सेवा प्राप्तिबाट कोही पनि नागरिक वञ्चित हुनुपर्ने अवस्था सिर्जना हुनेछैन।
- स्वच्छ खानेपानी तथा सरफाई क्षेत्रमा देखिएका समस्याको पहिचान भई सो को उचित समाधानका लागि आवश्यक  योजना बनाई कार्य अघि बढाईएको हुनेछ।
- आन्तरिक पर्यटन प्रवर्धनका क्षेत्रमा नीतिगत एंव कार्यगत व्यवस्था गरी यस क्षेत्रमा उल्लेखनीय प्रगति भई  आय तथा रोजगारीको अवसर सिर्जना भएको हुनेछ ।

**२.२ वार्षिक वजेट तथा कार्यक्रम तर्जुमा गर्दा अवलम्वन गरिएका प्रमुख नीति तथा आधारहरुः**

- नेपालको संविधानमा व्यवस्था भए अनुसार स्थानीय तहका अधिकारका सूचीकृत विषयहरु।
- स्थानीय तहको बार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७८ (परिमार्जित)
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- पन्ध्रौ पञ्चबर्षीय योजना
- नेपाल सरकार र प्रदेश सरकारको बजेट बक्तव्य
- दिगो विकासका लक्ष्यहरु
- राजश्व परामर्श समिति, स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समिति, वजेट तथा कार्यक्रम तर्जुमा समिति लगायतका समितिबाट प्राप्त राय सुझावहरु।
- वडा वस्ती स्तरमा भएका छलफलका सुझाबहरु एवम संकलन भएका योजना तथा कार्यक्रमहरु।
- विषयगत समितिबाट प्राप्त राय सुझाब।
- विपद व्यवस्थापन समितिको सुझाव।

**सम्मानित सभाध्यक्ष महोदय,**

अब म यस गरिमामय गाउँसभामा सिदिङ्वा गाउँपालिकाले आ.व. २०८१।०८२ मा अख्तियार गर्ने नीति तथा कार्यक्रम पेश गर्ने अनुमति चाहन्छु।

**मूलभुत नीति तथा कार्यक्रम**

१. सामाजिक सूरक्षा कार्यक्रम तर्फ सम्पूर्ण लाभग्राहीहरुलाई वैंकिङ सेवा मार्फत सम्बन्धित वडा कार्यालय क्षेत्रभित्रै गई सामाजिक सूरक्षा भत्ता वितरणको व्यवस्था गरिदै आएको र यसलाई थप व्यवस्थित गर्दै लगिनेछ।
२. गाउँपालिकाको नियमित प्रशासनिक सेवा प्रवाहलाई "मुस्कान सहितको सेवा" (Service With Smile) को नीति लिइनेछ।

३. पारदर्शिता, जवाफदेहिता, इमान्दारिता, कर्तव्यनिष्ठता साथ सेवा प्रवाहलाई सुशासनमैत्री, नागरिकमैत्री, भ्रष्टाचार रहित, बेरुजु रहित बनाइनेछ ।

४. गाउँपालिका भित्र संचालन हुने विकास निर्माण, भौतिक पूर्वाधारका योजनाहरूमा ३% (तीन प्रतिशत) प्राविधिक खर्च (Contingency Cost) तथा २% (दुई प्रतिशत) मर्मत संभार खर्च काटिनेछ ।

५. भवन निर्माण आचारसंहिता लागू गरी गाउँपालिका भित्र  निर्माण हुने घरको नक्सा पास गराएर मात्र भवन निर्माण गर्नु पर्ने व्यवस्था गरिनेछ ।

६. गाउँपालिका भित्र संचालन हुने योजनाहरु तथा बिषयगत कार्यालय, विद्यालय, स्वास्थ्यचौकी तथा अन्य सरकारी, गैरसरकारी निकाय, सहकारी, संघसंस्थाको अनुगमन, सुपरिवेक्षणलाई प्रभावकारी बनाउन हरेक हप्ता एउटा वडामा अनुगमन गरिनेछ ।

७. गाउँपालिका तथा वडा कार्यालयलाई बिभिन्न योजना तथा कार्यक्रमको लागि नि:शुल्क रुपमा जग्गा प्रदान गर्ने जग्गादाताहरुलाई उच्च सम्मान गरिनेछ ।

८. बर्खे तथा असारे बिकासको बानीलाइ हटाउन आ.ब. को शुरुमा नै बार्षिक कार्यक्रम कार्यान्वयन कार्ययोजना तर्जुमा गरी चैत्र भित्रमा योजना कार्यान्वयन गर्न पहल गरिनेछ ।

९. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत यस गाउँपालिका अन्तर्गतका सूचीकृत बेरोजगार ब्यक्तिहरुलाई नम्स बमोजिम रोजगारी प्रदान गरिनेछ ।

**सम्मानित सभाध्यक्ष महोदय,**

**अब म गत आ.ब. को हालसम्मको बित्तीय प्रगति प्रतिवेदन पेश गर्न चाहन्छु ।**

- आ.ब. २०८१।८२ मा ३४ लाख ५० हजार  आन्तरिक राजश्व उठ्ने अनुमान गरिएकोमा बैशाख मसान्त सम्ममा रु. १६ लाख ५५ हजार २५५ आन्तरिक राजश्व संकलन गर्न सफल भइएको छ जुन अनुमानको ४७.९७% रहेको छ ।
- राजश्व बाँडफाँड अन्तर्गत नेपाल सरकारबाट रु. ७ करोड १७ लाख २९ हजार ८०० प्राप्त हुनु पर्नेमा बैशाख मसान्त सम्ममा  ३ करोड ६९ लाख ३७ हजार ३२.०० मात्र प्राप्त भएको छ । त्यसै गरी प्रदेश सरकारबाट सवारी कर बाँडफाँडबाट २५ लाख १७ हजार  प्राप्त हुनु पर्नेमा १२ लाख ९५ हजार ६५८ प्राप्त भएको छ ।
- संङघीय तथा प्रदेश सरकार बाट प्राप्त समानिकरण अनुदान रु. ७ करोड ८२ लाख २६ हजार २५०  मध्ये रु ५करोड ८७ लाख ३६ हजार १३५.२७  अर्थात ७५.०८ प्रतिशत हाल सम्म खर्च भएको छ ।
- सङ्घीय  तथा प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदान थप बजेट सहित  रु. १९ करोड ३६ लाख २३ हजार  मध्ये रु ११ करोड ९५ लाख ८४ हजार १९२  अर्थात ६१.७६ प्रतिशत हाल सम्म खर्च भएको छ ।
- संघीय सरकार समपुरक अनुदान रु. ८० लाख प्राप्त भएकोमा हाल सम्म कार्य सञ्चालनकै क्रममा रेहेकोले खर्च भएको छैन । कोशी प्रदेश सरकारबाट प्राप्त समपुरक अनुदान रु. १ करोड प्राप्त भएकोमा हालसम्म  खर्च भएको

छैन ।-यस गाउँपालिकाले गत आ.ब. मा बिनियोजन गरेको ४७ करोड ६६ लाख ३ हजार ८०४.४४ मध्ये रु. २६ करोड ३७ लाख १४ हजार ६४१ रुपैयाँ अर्थात ५५.३३ % हाल सम्म खर्च भएको छ। जसमध्ये पुंजिगत प्रकृतिको योजना कार्यक्रम अन्तर्गत १६ करोड ३२ लाख ६५ हजार ५२६ मध्ये ७ करोड ३९ लाख ४६ हजार ५०२ अर्थात ४५.२९ % खर्च भएको छ। त्यसै गरी चालु तर्फ प्रशासनिक खर्च र चालु प्रकृतिको कार्यक्रम अन्तर्गत ३१ करोड ३३ लाख ३८ हजार २७८ मध्ये १८ करोड ९७ लाख ६८ हजार १३९ रुपैयाँ अर्थात ६०.५६ % हाल सम्म खर्च भएको छ।

- सामाजिक सूरक्षा तर्फ तिन त्रैमासिकमा गरी ४ करोड ५४ लाख ३ हजार रुपैयाँ निकासा भई ३ करोड ६१ लाख ७३ हजार २८ रुपैया अर्थात ७९.६७ खर्च भइसकेको छ।

**सम्मानित सभाध्यक्ष महोदय,**

**अब म यस गाउँपालिकाको आ.व. २०८१।०८२ को बार्षिक बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु।**

**यस आर्थिक वर्ष २०८१/८२ मा कुल ४२ करोड ६९ लाख १५ हजार ७२० रकम** विनियोजन गरेको छु।

**यस आ.व.मा आयतर्फ**

- यस आर्थिक वर्ष २०८१।०८२ को लागी अनुमान गरिएको खर्च व्यहोर्ने स्रोत मध्ये आन्तरिक आयबाट रू **३४ लाख ९० हजार** अनुमान गरिएको छ।
- नेपालको संघिय सरकार समानिकरण शिर्षकमा प्राप्त अनुदान रु. **९ करोड ६९ लाख**, र प्रदेशको समानिकरण अनुदान वापत **रु ५९लाख ५१ हजार आय अनुमान गरेको छु**
- संघिय सरकार सशर्त अनुदान (चालु तर्फ ) **रु १७ करोड २२लाख ३४ हजार** र सर्शत पुजिगत अनुदान **रु ११ लाख।** प्रदेश सरकार वाट सशर्त अनुदान चालु तर्फ **रु ४५ लाख २० हजार** र सशर्त पुजीगत अनुदान **रु ४५ लाख** आय अनुमान गरेको छु।
- संघीय सरकारवाट बिशेष अनुदान मार्फत **रु १ करोड १० लाख** प्रदेश सरकार समपुरक अनुदान पूजीगत **तर्फ रु ९५** लाख आय अनुमान गरेको छु।
- सङ्घीय तथा प्रादेशिक सरकारले उपलब्ध गराएको समपुरक अनुदान, सहयोगी दातृ निकायहरु संग पेश भएका प्रस्तावना तथा कार्यपालिकाको निर्णय बमोजिम साझेदारी कार्यक्रमहरु संचालन गर्नको समपुरक कोष (Matching Fund) को लागि रू **५० लाख ३५हजार रुपैया** विनियोजन गरेको छु।
- बिषयगत क्षेत्रमा कार्यक्रम अनुसार छुट्याइएको बजेट अनुसुचिमा उल्लेख गरेको छु। यहाँ म शिर्षक अनुसार विनियोजित रकम मात्र प्रस्तुत गर्ने अनुमति चाहन्छु।
  - **आर्थिक विकास :**

    आर्थिक विकास अन्तर्गत कृषि, पशु, पर्यटन, उद्योग, सहकारीको लागि एकमुष्ठ ८१ लाख ७० हजार बिनियोजन गरेको छु।

- **सामाजिक विकास:**

  सामाजिक विकास तर्फ शिक्षा, स्वास्थ्य, खानपानी तथा सरसफाई, सास्कृतिक प्रवर्द्धन, लैगिङ्गिक समानता तथा सामाजिक समावेशीकरण, महिला बालबालिका, जेष्ठ नागरिक, दलित आदिवासी जनजाती लक्षित वर्ग अन्तर्गत जम्मा रु. ३ करोड ४८ लाख ५९ हजार ४०० सय बिनियोजन गरेको छु ।

- **पुर्वाधार विकास तर्फ:**

  सडक, पुल, सिचाई, भवन, सहरीविकास, उर्जा, लघु तथा साना विद्युत, सञ्चारको लागी जम्मा ७ करोड ६१ लाख ३७ हजार ३२० बिनियोजन गरेको छु ।

- **वन तथा वातावरण:**

  वन तथा भुसंरक्षण, जलाधार संरक्षण, जलवायु परिवर्तन, फोहोर मैला व्यवस्थापन, जल उत्पन्न प्रकोप नियन्त्रण, विपद् व्यवस्थापनको लागि जम्मा रु. ५२ लाख २० हजार बजेट व्यवस्था गरेको छु ।

- **सुसासन तथा संस्थागत विकास:**

  मानव संसाधन विकास, संस्थागत क्षमता विकास, राजश्व परिचालन, वित्तिय जोखिम न्युनिकरण, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, आन्तरिक र अन्तिम लेखा परिक्षण, बेरुजु फछर्यौट, सेवा प्रवाह मापदण्ड निर्धारण, सेवा प्रवाहमा विद्युतिय सुचना प्रविधिको प्रयोग नागरिक सर्वेक्षण र अन्तरनिकाय समन्वय जस्ता क्षेत्रमा जम्मा रु. १ करोड १९ लाख ४० हजार विनियोजन गरेको छु ।

  कार्यालय सञ्चालन तथा प्रशासनिक खर्चतर्फ रु. ८ करोड २० लाख वजेट विनियोजन गरेको छु ।

**सम्मानित सभाका सभाध्यक्ष महोदय,**

- यस बजेटको कार्यान्वयनबाट यस गाउँपालिकाको भविष्य उज्वल हुनुको साथै समृद्व तथा विकसित बन्नेछ र सिदिङ्वाबासी तमाम आमाबुबा, दाजु भाई दिदी बहिनीको आय आर्जनमा वृद्बि हुंदै नेपाल सरकारले लिएको **"समृद्ध नेपाल सुखी नेपाली"** भन्ने नारा साकार हुनेछ भन्ने अपेक्षा लिएको छु । बजेटको कार्यान्वयनको लागि समग्र सरकारी, गैरसरकारी संघ संस्था, आम जनसमुदाय, वुद्बिजिवि, नागरिक समाज, राजनीतिक दल लगायत सबैले प्रभावकारी ढंगले आफ्नो भूमिका निर्वाह गर्नु हुनेछ भन्ने आशा, विश्वास लिएको छु ।
- अन्त्यमा प्रस्तुत बजेट तर्जुमा गर्न प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहयोग गर्नुहुने सम्पूर्ण महानुभावहरुमा हार्दिक धन्यवाद दिन चाहन्छु ।

**धन्यवाद ।**